# धनकुटा जिल्लाका आधारभूत विद्यालयहरूमा शैक्षिक सामग्रीको उपयोग र व्यवस्थापन

**सपना अधिकारी**
**उप–प्राध्यापक (शिक्षा)**
**महेन्द्ररत्न क्याम्पस,**
**ताहाचल,काठमाडौं**

**लेखसार**

*यस अध्ययनको उद्देश्य आधारभूत विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता, प्रयोगको र प्रभावकारिता विश्लेषण गर्नु रहेको छ। प्रस्तुत लेखमार्फत निम्न अनुसन्धान प्रश्नहरूको उत्तर दिने प्रयत्न गरिएको छ। विद्यालयमा कस्ता शैक्षिक सामग्री उपलब्ध छन् ? सिकाइमा ती सामग्रीहरू कसरी प्रयोग भएका छन् ? सामग्रीहरूको व्यवस्थापन कसरी गरिएको छ ? यो अध्ययन गुणात्मक विधिबाट सम्पन्न गरिएको छ। यस अध्ययनका लागि धनकुटा जिल्लाको चौविसे गाउँपालिकाको क आधारभूत विद्यालय, ख आधारभूत विद्यालय, ग आधारभूत विद्यालय, घ आधारभूत विद्यालय र ड आधारभूत विद्यालयलाई उद्देश्यमुलक रूपमा छनौट गरिएको छ। यसमा तथ्याङ्क सङ्कलन गर्न उक्त विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू र विद्यार्थीहरूसंग अन्तर्वाता निर्देशिकाको प्रयोग गरी सङ्कलन गरिएको छ। प्रधानाध्यापक र शिक्षकले शैक्षिक सामग्रीको प्रयोगलाई सकारात्मक रूपमा लिइएको, विद्यालयलाई शैक्षिक सामग्री खरिदका लागि जिल्ला शिक्षा कार्यालय र नगरपालिकाले रकम उपलब्ध गराउने गरेको, नवीनतम प्रविधिको शैक्षिक क्षेत्रमा भएको प्रयोगले शिक्षकहरूलाई शिक्षण कार्यमा उर्जा प्रदान गरेको, नवीनतम प्रविधिसँग परिचित भएको, सिकाई सरल, सहज, मनोरञ्जनात्मक र दिगो बनाएको जस्ता सूचना शिक्षकहरूबाट प्राप्त भयो। त्यस्तै शैक्षिक सामग्रीको समुचित प्रयोग गर्दा सिकाई छिटो र रमाइलो हुने साथै सिकेको कुरा लामो समयसम्म सम्भिfन सकिएको जानकारी विद्यार्थीहरूबाट प्राप्त भयो।*

**मूल शब्दावली :** शैक्षिक सामग्री, उर्जा, आत्मबल, नवीनतम प्रविधि, दिगो सिकाइ

## विषय प्रवेश

शिक्षणसिकाई क्रियाकलापलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ। समाजको विकास सँगै शिक्षण कार्यमा जटिलताहरू थपिदै गइरहेको अवस्थामा विज्ञान र प्रविधिको विकास सँगै श्रव्य सामग्री, दृश्य सामग्री र श्रव्यदृश्य सामग्रीको विकास भएको पाइन्छ। आजको आधुनिक विश्वमा शिक्षण प्रविधिहरूको माध्यमद्वारा प्रभावकारी रूपमा शिक्षण गर्न सकिन्छ। विद्वान डेसिडेरियस इरास्मसले चित्र र अन्य दृश्यहरूको माध्यमद्वारा सिकाउनुपर्ने कुरालाई व्यक्त गरेका थिए। कमेनियसले तस्वीर नै भएको पुस्तक तयार गरी सिकाइलाई प्रभावकारी माध्यमद्वारा

अगाडि बढाएका थिए। पेस्तालोजीले "object method" Sence 'perception' को माध्यमद्वारा सिकाई प्रभावकारी हुने बताएका छन्।

शिक्षण सिकाई क्रियाकलाप गर्नु भनेको सूचनाहरूको प्रवाह गर्न, हस्तान्तरण गर्नु हो। शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा सिकाई प्रभावकारी हुन्छ। शैक्षिक सामग्रीलाई जोड दिदै लोकप्रिय चिनियाँ भनाइ अनुसार " त्यो कुरा जुन मैले सुन्छु, म विर्सन सक्छु, त्यो जुन मैले देख्छु, म सम्झन सक्छु, त्यो जुन मैले गर्छु, त्यो बिर्सन सक्दिन" शिक्षण कार्य गर्नु भनेको विद्यार्थीहरूलाई सम्पूर्ण कुराहरू स्पष्ट पार्नु हो।

विद्यार्थीले आफैले गरेर सिक्न पाए बढी भन्दा बढी सिकाइ उपलब्धि हाँसिल गर्न सक्छन्। शिक्षकलाई विद्यार्थीको ध्यान केन्द्रित गर्न, कठिन अवधारणाहरू स्पष्ट पार्न, विद्यार्थीको विचार, सूचना, तथ्यहरू स्पष्ट पार्न, सिकाइ क्रियाकलापहरूलाई रुचिपूर्ण, वैज्ञानिक बनाउन, शिक्षकको सीप अभिवृद्धि गर्न, सिकाइ रोचक र व्यवहारिक बनाउन, सिकारुको सहभागिता बढाई सिकाइलाई स्थायी बनाउन शैक्षिक सामग्रीले सहयोग गर्दछ। (शिक्षण विधि, २०७२ पे, १३५ देखि १५०)।

सिकाइ क्रियाकलापमा प्रयोग गरिने सामग्रीलाई चार प्रकारमा विभाजन गरिएको छ : मुद्रित सामग्री :– पुस्तक, पत्रपत्रिका, शिक्षक निर्देशिका,कक्षा नोट, दृश्य सामग्री :– नक्सा, ग्लोब, चार्ट, चित्र, ग्राफ, स्लाइड, श्रव्य सामग्री :– रेडियो, टेपरेकर्ड, डिक्स, श्रव्य –दृश्य सामग्री :–नाटक, सिनेमा, टि.भी, भिडियो टेप हुन् (हाडा, २०५९,पे,७५ द्खि ८२) )।

यसले प्रभावकारी रूपमा शिक्षण गरी बालबालिकामा नयाँ ज्ञान तथा प्रविधिमा परिचित हुन सहयोग गर्दछ। उनीहरूलाई जटिल विषयलाई सरल रूपमा शिक्षण गरी सिकाइलाई चिरस्थायी बनाउन यसको आवश्यकता र महत्त्व रहेको छ। यसले कमजोर विद्यार्थीहरूलाई विषयवस्तु प्रति स्पष्ट हुन मद्धत गर्दछ। शिक्षकलाई नयाँ ज्ञान सीपको प्रयोग गरी सहज रूपमा शिक्षण गर्न सहयोग पुर्‍याउँछ (स्वास्थ्य र शारीरिक शिक्षा शिक्षण, २०६८ पे,९३ देखि १००,)।

प्रस्तुत लेखमा शैक्षिक सामग्रीको उपलब्धता, ब्यवस्थापन र प्रयोग कस्तो रहेको छ भन्ने विषयलाई लिई यसको निवारण गर्नु मुख्य उद्देश्य बनाइएको छ। यो अध्ययनमा धनकुटा जिल्लाको पाँच वटा विद्यालयहरूलाई मात्र लिइएको छ जसमा आधारभूत तहमा शिक्षाको गुणस्तर वृद्धि गर्न शैक्षिक सामग्रीको उपलब्धता प्रयोग र ब्यवस्थापन सँग सीमित रहेको छ। आधारभूत तहमा शैक्षिक सामग्रीको उपलब्धता, ब्यवस्थापन र प्रयोगको अध्ययन गर्नु यसको मुख्य विषय भएको छ।


प्राथमिक विद्यालयमा थुप्रै क्षेत्र र विषयमा अध्ययन अनुसन्धान भई सकेका छन्। ती अध्ययनले नयाँ नयाँ ज्ञानको खोजी र पुराना निस्कर्षको पुनरावलोकनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् तापनि यस्ता सामान्य मानिएका तर महत्त्वपूर्ण विषयमा हाल सम्म अध्ययन अनुसन्धान भएको पाइदैन। तसर्थ यस अध्ययनले प्रस्तुत विषयमा थोरै मात्र भएपनि नयाँ सूचना प्रदान गर्ने र यस कार्यले आधारभूत तहको शैक्षिक प्रशासन, अनुसन्धाता, शिक्षा विश्लेषक लगायत यस विषयसँग सरोकार राख्ने जो कोहीलाई समेत केही मात्रामा भएपनि मार्ग दर्शन गर्नसक्ने छ। यो लेख गुणात्मक ढाँचामा आधारित छ। गुणात्मक अनुसन्धानको संरचना लचिलो हुने र सूचनाको गहिराई सम्म पुगी बहुसत्यको उजागर गर्ने भएको (Denzin and Linclon 2005,stake2010) ले यो ढाँचालाई नै उपयोगमा ल्याइएको हो। अनुसन्धानकर्ताको अवलोकन, सहभागीहरूको विषयगत विचार, अनुभव र बुझाइमा आधारित यस लेखमा सूचनाहरूको विषयगत विश्लेषण र प्रस्तुतीकरण गरेको छ। यसले विद्यालयमा भएका शैक्षिक सामग्रीको प्रयोग, व्यवस्थापन र

शिक्षकहरूको कार्यदक्षतामा सुधार गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ।

**विश्लेषणको सैद्धान्तिक ढाँचा**

कुनै विषयको शिक्षण प्रभावकारी, रोचक र व्यवहारमूलक बनाई सकारात्मक रूपमा शिक्षाको गुणस्तर बृद्धि गर्ने महत्त्वपूर्ण साधन शैक्षिक सामग्री हुन्। शिक्षकले शिक्षण गर्दा शिक्षण विधिको र शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नु पर्दछ। यसले अमूर्त रूपमा रहेका विषयवस्तुलाई मुर्तरूप दिन सहयोग गर्दछ। शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको सक्रियता बृद्धि गर्न, कठिन विषय वस्तुलाई सहज बनाउन, विद्यार्थीमा ठोस धारणाको विकास गर्न, शिक्षण सिकाई क्रियाकलापलाई रोचक र रुचीपूर्ण बनाउने कार्यमा सहयोग पुऱ्याउंछ। बालबालिकाको सीप, अनुभव र सोचाइको विकास गर्न, सिकाइलाई दिगो, अर्थपूर्ण, मनोरञ्जनात्मक, आकर्षक बनाउन सामग्रीको आवश्यकता पर्दछ। विषयको प्रकृति अनुसार सामग्रीको छनौट, निर्माण र प्रयोग गर्नु प्रभावकारी सिकाइको उपाय हो।यसले शिक्षण र सिकाइ विचको दुरी कम गर्न, बालबालिकाको सीप तथा धारणाको विकास गर्न, सिकाइ अनुभव र सिक्ने क्षमताको विकासगर्न, धारणाहरू स्पष्ट पार्न, सिकेको कुरा दिगो राख्न, व्यवहारिक शिक्षा हासिल गर्न सिकाइलाई अर्थपूर्ण र प्रभावकारी बनाउन, परम्परागत शिक्षण विधिलाई परिवर्तन गर्न, बालबालिकाको रुची र चाख अनुसार शिक्षण गर्न, पाठ्क्रमका उद्देश्यहरू व्यवहारिक बनाउन, विद्यार्थीलाई शिक्षण सिकाइमा सक्रियतापूर्वक सहभागी बनाउन, कठिन पाठहरूलाई सरल रूपमा प्रस्तुत गर्न, शिक्षकलाई पेशाप्रति दक्ष बनाउन, सिकाइलाई मुर्त रूप दिई ठोस धारणाको विकास गराउन र शिक्षण कार्यमा एकरूपता ल्याउन सामग्रीको आवश्यकता पर्दछ।

आधुनिक विश्वमा शिक्षण प्रविधिहरूको माध्यमद्धारा प्रभावकारी शिक्षण गर्न सकिन्छ। सूचना प्रविधिको विकासका कारण क्षणभरमा नयां कुराहरू विकास र प्रसारण भइरहेको छ। विश्वमा भएका नवीनतम प्रविधिहरूको उपयोग गर्नु आवश्यक भएको छ। सामग्रीको निर्माण र प्रयोग गर्दा स्थानीय परिवेश, क्षमता, साधन स्रोतको उपलब्धता, शिक्षकको कार्यबोझ, विद्यार्थीसंख्या, विषयको प्रकृतिअनुसार निर्माण प्रयोग र ब्यवस्थापन गर्नु पर्दछ। सामग्रीको उपलब्धता, प्रयोग र ब्यवस्थापनमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र ब्यवस्थापन समितिको संयुक्त प्रयास हुनु पर्दछ। सामग्रीको प्रयोग गर्दा तयारीको सिद्धान्त, छनौटको सिद्धान्त, प्रतिक्रियाको सिद्धान्त स्वीकृतिको सिद्धान्त, शारीरिक नियन्त्रणको सिद्धान्त र मूल्याङ्कनको सिद्धान्त अपनाउनु पर्दछ। यसको प्रकृति र स्वरूप अनुसार भित्तामा झुन्ड्याउने, टाँस्ने, दराजमा राख्ने, विद्यार्थीले दैनिक देख्ने गरी, आवश्यक परेको बेलामा पाउन सक्ने, नबिग्रने गरी व्यवस्थीत रूपमा भण्डारण गर्नु पर्दछ। (अधिकारी, विष्णुप्रसाद,२०७३ पे,८४ देखि १००,)। आधारभूत तहमा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षणसिकाई क्रियाकलाप संचालन गर्न विद्यालयले थोरै मात्र सामग्रीको व्यवस्था गरेको छ। उक्त शैक्षिक सामग्री कति मात्रामा उपलब्ध छन् ? बालबालिकाको सिकाइमा ती सामग्रीहरू कसरी प्रगोग भएका छन् ? सामग्री प्रयोग गर्दा सिकाइमा कस्तो प्रभाव परेको छ ? आधारभूत तहमा शैक्षिक सामग्रीको ब्यवस्थापन कसरी गरिएको छ ? भन्ने उद्देश्यले अध्ययन संचालन गरिएको हो (हाडा, २०५९ पे, ७५देखि ८२,)। उल्लिखित अनुसन्धानात्मक प्रश्नका आधारमा यस लेखको विश्लेषण गरिएको छ। विश्लेषण गर्नुपूर्व यसका तात्पर्यका बारेमा चर्चा गरी यसलाई परिभाषित गरिएको छ। शैक्षिक सामग्रीको उपलब्धता, प्रयोग र व्यवस्थापनको अवधारणात्मक ढाँचालाई यहाँ प्रस्तुत गरिएको छ।




**अध्ययन विधि**

यो वर्णनात्मक एवं विश्लेषणात्मक विधिमा आधारित छ। प्रस्तुत अनुसन्धानात्मक लेखमा उठाइएका शोध्यप्रश्नहरूको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रमाणिक समाधानका लागि सामग्री सङ्कलन गर्न मूलतः प्राथमिक र द्धितीयक गरी दुई प्रकारका स्रोतको प्रयोग गरिएको छ (Patton, M Q,1990)। प्राथमिक स्रोत सामग्री संकलन गर्नका लागि अध्ययनकर्ता स्वयं सम्वन्धित विद्यालयमा गई विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीसंग भेटगरी अन्तरवार्ता सूची, स्थलगत अवलोकन, समूह छलफल गरी सामग्री संकलन गरिएको छ। यस, सम्वन्धित विषयका साहित्य, अनुसन्धान प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित सामग्रीहरूको अध्ययन गरी पुस्तकालयको प्रयोगबाट संकलित प्राथमिक स्रोत स्थलगत कार्यबाट प्राप्त सामग्री हो। द्धितीयक स्रोत सामग्रीका रूपमा अभिलेख अध्ययन विधिद्धारा तयार गएिको छ। जसमा प्रतिकृयादाताहरू बाट प्राप्त भएको र द्धितीय स्रोतमा आधारित भई संकलन गरिएको तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा अध्ययनका उद्देश्यहरू, अनुसन्धान प्रश्नहरू, सूचना संकलन गर्ने साधनहरूको संगठन र प्राप्त भएका सूचनाका विशेषताका आधारमा विश्लेषण गरिएको छ। यस लेखको व्याख्या विश्लेषण व्यवहारिक अनुभवबाट समेत प्रभावित छ। यो लेख गुणात्मक र मात्रात्मक ढाँचामा आधारित छ (Patton,MQ,1990)।

**तथ्याङ्कको ब्याख्या तथा विश्लेषण**

प्रस्तुत लेखका लागि लिइएको सामग्रीको संकलन क्षेत्र कार्यबाट गरिएको छ। तथ्याङ्कको संकलन गर्नका लागि यो अध्ययन गुणात्मक विधिबाट सम्पन्न गरिएको छ। यस अध्ययनका लागि धनकुटा जिल्लाको चौविसे गाउँपालिकाको क आधारभूत विद्यालय, ख आधारभूत विद्यालय, ग आधारभूत विद्यालय, घ आधारभूत विद्यालय र ड आधारभूत विद्यालयलाई उद्देश्यमुलक रूपमा छनौट गरी उक्त आधारभूत विद्यालयका प्र.अ., शिक्षक तथा विद्यार्थीहरूबाट संकलन गरिएको छ। जसमा प्रतिकृयादाताहरूबाट प्राप्त भएको र द्धितीय स्रोतमा आधारित भई संकलन गरिएको तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा अध्ययनका उद्देश्यहरू, अनुसन्धान प्रश्नहरू, सूचना संकलन गर्ने

साधनहरूको संगठन र प्राप्त भएका सूचनाका विशेषताका आधारमा निम्न शीर्षकहरू अन्तर्गत प्रस्तुत गरिएको छ :

**आधारभूत तहमा शैक्षिक सामग्रीको उपलब्धता,प्रयोग र व्यवस्थापन**

यो अध्ययन धनकुटा जिल्लाका आधारभूत विद्यालयहरूमा शैक्षिक सामग्रीको खरिद गर्न जिल्ला शिक्षा कार्यालय, नगरपालिका र बाह्यदेशबाट सहयोग प्राप्त भएको, विद्यालयहरूले सामग्री खरिदको स्रोत जुटाउने प्रक्रिया, सामग्रीको उपलब्धता र प्रयोगले शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा सिकाई सरल, सहज, मनोरञ्जन, गुणस्तर र दिगो हुने प्रतिकृयादाताहरूको बुझाई रहेको थियो। यसमा प्रतिकृयादाताहरूबाट प्राप्त तथ्याङ्कहरूको व्याख्या, विश्लेषण निम्न शीर्षकहरू अन्तर्गत प्रस्तुत गरिएको छ :

**आधारभूत तहमा शैक्षिक सामग्रीको उपलब्धता**

आधारभूत तहमा शैक्षिक सामग्री उपलब्ध गराई प्रभावकारी रूपमा शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने, सामग्री प्रयोग गरी शिक्षण सिकाई गर्दा विद्यार्थीले चाँडो सिक्ने, सक्रिय हुने, लामो समय सँझिन सक्ने, सिकाइ अर्थपूर्ण र दीर्घकालिन हुने, विद्यार्थीको सिकाई प्रति रुची बढ्ने, विषय वस्तु आकर्षक, स्पष्ट, सरल र प्रभावकारी हुन्छ। यसले शिक्षण क्रियाकलापमा विद्यार्थीलाई सक्रिय बनाई सिकाइलाई स्थायित्व प्रदान गर्दछ। विद्यार्थीको तार्किक र सृजनात्मक क्षमताको विकास गर्दछ। यसले विषयवस्तु प्रति सही र स्पष्ट दृष्टिकोण निर्माण गर्न सहयोग गर्दछ। यसको प्रयोग गरी शिक्षण गर्दा सिकाई अर्थपूर्ण र प्रभावकारी भई प्राथमिक तहमा विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने क्रमलाई कम गर्छ।

**प्रयोगमूलक सामग्री**

विद्यालयमा कस्ता सामग्रीहरू उपलब्ध छन् र प्रयोगमूलक सामग्रीहरू उपलब्ध गराउन कस्ता प्रक्रियाहरू अपनाउनु पर्दछ भनी जिज्ञासा राख्दा जिल्लाशिक्षा कार्यालय, नगरपालिका र बाह्य देशबाट समेत सामग्री खरिद गर्न सहयोग गरेको प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो। शिक्षकहरूका अनुसार फ्लास कार्ड ,फलाटिन बोड, गोजी तालिका, जीयोबोर्ड, ग्रुबीबोर्ड, नक्सा, ग्लोब र चार्टहरू प्रयोग गर्ने गरेको जानकारी प्राप्त भयो। धेरैजसो सामग्री प्रयोग गरी शिक्षण गर्ने गरेको कुरा विद्यार्थीबाट प्राप्त भयो। तर क आधारभूत विद्यालयमा सामग्री खरिद गर्न बाह्रय देशबाट सहयोग गरेको प्रधानाध्यापकले बताउनु भयो।

**मनोरञ्जनात्मक सामग्री**

विद्यालयमा कस्ता सामग्रीहरू उपलब्ध गराउनु भएको छ भनेर जिज्ञासा राख्दा मादल, गितार, कम्प्युटर ,रिङ, स्पीकिङ, लुडो, एबाकस जस्ता सामग्रीहरू उपलब्ध भएको, प्रधानाध्यापकबाट प्राप्त भयो तर कम्प्युटर र ल्यापटप क आधारभूत विद्यालयमा भएको जानकारी प्राप्त गरियो। मनोरञ्जनात्मक सामग्रीको प्रयोग गरी रमाइलो वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको कुरा शिक्षकहरूले बताउनु भयो। सामग्रीको प्रयोगबाट रमाइलो गर्दै सिकाइ सिक्ने गरेको कुरा विद्यार्थीबाट प्राप्त भयो।

**सीपमुलक सामग्री**

विद्यालयमा कस्ता सीपमुलक सामग्रीहरू उपलब्ध गराउनु भएको छ भनी जिज्ञासा राख्दा कम्प्युटर सम्बन्धि सीप सिकाउने, चित्रहरू बनाउन लगाउने जवाफ प्रधानाध्यापकबाट प्राप्त भयो। शिक्षकहरूलाई बालबालिकाको सीप विकास गर्ने खालका सामग्रीहरू निर्माण गर्न लगाउनु भएको छ भनी जिज्ञासा राख्दा कम्प्युटर सिकाएको, नक्सा, चरा, घर र माटोको चरा बनाउन लगाउने गरेको जानकारी प्राप्त भयो। कहिले काँही सरहरूले चरा, फूल, मान्छेको चित्र र माटोको चरा बनाउन लगाएको विद्यार्थीबाट प्राप्त गरियो। तर क आधारभूत विद्यालयमा कम्प्युटर र ल्यापटपको प्रयोग गरी बालबालिकालाई कम्प्युटर सीप प्रदान गरेको जानकारी प्राप्त भयो।

**रुचीकर सामग्री**

विद्यालयमा के कस्ता रुचीकर सामग्रीहरू उपलब्ध छन् भनी जिज्ञासा राख्दा बल, ब्लक सेट, इलेक्ट्रिक किबोर्ड, चेस, लुडो, १-१००, चार्ट मौसम चार्ट, बान्ह महिनाको नाम, ब्याडमिन्टन, चेस शरिरका विभिन्न भाँगहरू र कम्प्युटर जस्ता सामग्रीहरू उपलब्ध भएको प्रधानाध्यापकले बताउँनु भयो भने रुचीकर सामग्रीहरू प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरू उत्सुक र जिज्ञासु भई सिकाई सिक्ने गरेको जानकारी शिक्षकहरूबाट प्राप्त भयो भने आफूलाई मन पर्ने सामग्री हुदाँ छिटो सिक्न सकिने र सिकेको कुरा लामो समयसम्म सम्झिन सकिने कुरा विद्यार्थीहरूबाट जानकारी प्राप्त भयो ।

**स्थानीय सामग्री**

विद्यालयमा स्थानीय स्तरमा पाइने शैक्षिक सामग्रीहरू उपलब्ध छन भनी जिज्ञासा राख्दा सामग्री उपलब्ध गराएको कुरा प्र. अ. बाट जानकारी प्राप्त भयो, स्थानीय तहमा पाइने सामग्री (जीयोबोर्ड, ग्रुबीबोर्ड, शब्दपत्ती, बाक्यपत्ती, गोजी तालिका फलाटिन पाटी, चार्ट) हरू निर्माण र प्रयोग गरी शिक्षण गर्ने गरेको कुरा शिक्षकहरूबाट जानकारी प्राप्त भयो । शिक्षकहरूले कहिलेकाँही सामग्रीको प्रयोग गरी शिक्षण गर्ने कुरा विद्यार्थीहरूबाट जानकारी भयो ।

**आकर्षक सामग्री**

विद्यालयमा कस्ता खालका आकर्षक सामग्रीहरू उपलब्ध छन् भनी जिज्ञासा राख्दा नक्सा, ग्लोब, ब्लक सेट, मादल, गितार, स्पीकिङ, ब्याडमिन्टन, चेकर, लुडो, एबाकस कम्प्युटर, विभिन्न चार्टहरू उपलब्ध भएको, आकर्षक सामग्रीहरू प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीको ध्यान आकर्षक हुने, कक्षा नियन्त्रणमा कठिनाइ नहुने, देखेको कुरा सम्झने विद्यार्थीहरू उत्सुक र जागरुक हुने, जानकारी प्रधानाध्यापकबाट र शिक्षकहरूबाट प्राप्त भयो । आकर्षक सामग्रीहरू प्रयोग गरी शिक्षण गर्दा छिटो सिकिने, दिर्घकालिन हुने, सक्रिय भई सिक्ने गरेको कुरा विद्यार्थीहरूबाट प्राप्त भयो । क आधारभूत विद्यालयमा मात्र कम्प्युटर र ल्यापटप प्रयोग गर्न विद्यार्थीलाई अवसर उपलब्ध गराएको जानकारी प्राप्त भयो ।

**श्रव्यदृश्य सामग्री**

विद्यालयमा कस्ता श्रव्य दृश्य सामग्री छन भनी जिज्ञासा राख्दा श्रव्य सामग्री टेप मात्र भएको, धेरैजसो प्रयोग गरिने सामग्री दृश्य सामग्री भएको पाँचवटा विद्यालयका प्रधानाध्यापकबाट प्राप्त भयो । क आधारभूत विद्यालयमा श्रव्य दृश्य सामग्री कम्प्युटर र ल्यापटप रहेको प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो । शिक्षकहरूले धेरैजसो दृश्य सामग्रीको प्रयोग गरेको जानकारी प्राप्त भयो । कहिले काँही मात्र सामग्रीको प्रयोग गर्ने गरेको कुरा विद्यार्थीबाट जानकारी प्राप्त भयो । क आधारभूत विद्यालयका शिक्षकहरूले कहिले काँही मात्र श्रव्य दृश्य सामग्रीको प्रयोग गर्ने बताउनु भयो । पाँच वटा विद्यालयका विद्यार्थीहरूले श्रव्यदृश्य सामग्रीको प्रयोग नगरेको तर क आधारभूत विद्यालयमा कहिले काँही कक्षामा प्रयोग गर्ने गरेको कुरा विद्यार्थीबाट जानकारी प्राप्त भयो ।

**अतिरिक्त क्रियाकलापको विकास गराउने सामग्री**

विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलापको विकास गराउने खालका सामग्री छन भनी जिज्ञासा राख्दा मादल, गितार, बल, स्पीकिङ, ब्याडमिन्टन, रिङ, आदि उपलब्ध छन भन्ने कुरा प्रधानाध्यापक बाट प्राप्त भयो । शिक्षकहरूबाट शुक्रबारको दिन अतिरिक्त क्रियाकलाप गराउने गरेको जानकारी प्राप्त भयो । विद्यार्थीहरूबाट आफूहरूले अतिरिक्त क्रियाकलापमा सक्रियतापूर्वक सहभागी हुने गरेको कुरा जानकारी प्राप्त भयो ।

**अपाङ्गमैत्री सामग्री**

विद्यालयमा कस्ता अपाङ्गमैत्री सामग्रीहरू छन भनी जिज्ञासा राख्दा अपाङ बालबालिकालाई पढाउने विद्यालय छुट्टै भएकोले अपाङ्ग बालबालिकाहरू पढ्न नआउने गरेको, आएमा

कक्षाकोठा अपाङ्गमैत्री रहेको, शैक्षिक सामग्रीहरू अपाङ्गमैत्री भएको तर अपाङ्ग विद्यार्थीहरू विद्यालयमा नआउने गरेको प्रधानाध्यापक र शिक्षकहरूबाट जानकारी प्राप्त भयो।

**शिक्षणमा श्रव्य सामग्री**

विद्यालयमा के कस्ता श्रव्य सामग्रीहरू उपलब्ध छन भनी जिज्ञासा राख्दा टेप रेर्कड मात्र रहेको प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो। शिक्षकहरूले आवश्यकता अनुसार कक्षाकोठामा श्रव्य सामग्रीको प्रयोग गर्ने गरेको बताउनु भयो। कहिलेकाँही नाचगान गर्दा गीत बजाउन,कुनै पाठ पढाउँदा रेर्कड गरेका कुराहरू सुनाउन प्रयोग गर्नुहुन्छ। विहान प्रार्थना गर्दा यसैबाट राष्ट्रिय गान बजाउने गरेको कुरा विद्यार्थीबाट प्राप्त भयो।

**प्रयोगमूलक सामग्रीको उपयोग र ब्यवस्थापन**

विद्यालयमा प्रयोगमूलक सामग्रीको उपयोग र ब्यवस्थापन कसरी गर्नु भएको छ भनी जिज्ञासा राख्दा फ्लास कार्ड, पकेट चार्ट, फलाटिन बोर्ड, चार्टहरू, गोजी तालिका, एबाकस, जीयो बोर्ड, ग्रुबीबोर्ड, नक्सा ,ग्लोब, कम्प्युटर जस्ता सामग्रीको उपयोग गर्ने गरेको र ब्यवस्थापनका लागि छुट्टै कोठामा दराजमा राख्ने गरेको जानकारी प्रधानाध्यापकबाट प्राप्त भयो। शिक्षकहरूका अनुसार शब्दपत्ती, वाक्यपत्ती, विभिन्न चार्टहरू, जीयोबोर्ड, ग्रुबीबोर्ड, नक्सा ग्लोब, कम्प्युटर टेपरेकर्ड,जस्ता सामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको र शिक्षण पश्चात छुट्टै कोठाको दराजमा व्यवस्थापन गर्ने गरेको जानकारी शिक्षकहरूबाट प्राप्त भयो। क आधारभूत विद्यालय, र ख आधारभूत विद्यालयमा पुस्तकालयमा दराजहरू राखी सामग्रीहरू व्यवस्थापन गरेको पाइयो।

**मनोरञ्जनात्मक सामग्रीको उपयोग र व्यवस्थापन**

विद्यालयमा कस्ता मनोरञ्जनात्मक सामग्रीहरूको उपयोग गर्नु हुन्छ भनी जिज्ञासा राख्दा मादल, गितार , कम्प्युटर, बल, रिङ, स्पीकिङ, लुडो, चेकर,चेस, एबाकस जस्ता सामग्रीहरू भएको र ती सामग्रीहरू छुट्टै कोठामा व्यवस्थापन गर्ने गरेको जानकारी प्रधानाध्यापक बाट प्राप्त भयो। शिक्षकहरूले विषय अनुसार सामग्रीको उपयोग गरी शिक्षण पश्चात छुट्टै कोठाको दराजमा व्यवस्थापन गरेको जानकारी प्राप्त भयो। खेल खेल्दै रमाउदै सिकाइ सिक्न पाएको कुरा विद्यार्थीबाट जानकारी भयो।

**सीपमुलक सामग्रीको उपलब्धता**

विद्यालयमा के कस्ता सीपमुलक सामग्री उपलब्ध गराउनु भएको छ भनी जिज्ञासा राख्दा नक्सा, चित्र,  माटोको सामान, कम्प्युटर सम्बन्धि अभ्यास गराउने गरेको जानकारी प्रधानाध्यापकबाट प्राप्त भयो। शिक्षकहरूलाई ती सामग्रीहरू कसरी उपयोग र व्यवस्थापन गर्नु भएको छ भनी जिज्ञासा राख्दा नक्सा, चित्र र माटोको भाँडाहरू बनाउन लगाएको र प्रयोग पछि दराजमा छुट्टै कोठामा राख्ने गरेको जवाफ प्राप्त भयो। विद्यार्थीहरूबाट कहिलेकाँही सामग्री निर्माण गर्ने गरेको जानकारी प्राप्त भयो।

**स्थानीय सामग्रीको उपयोग र ब्यवस्थापन**

विद्यालयमा स्थानीय तहमा पाइने शैक्षिक सामग्रीहरू उपयोग गर्नु हुन्छ भनी जिज्ञासा राख्दा सामग्री उपयोग गराएको कुरा प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो। शिक्षकहरूले आफूले स्थानीय तहमा पाइने सामग्रीहरू (जीयोबोर्ड, ग्रुबीबोर्ड, शब्दपत्ती, वाक्यपत्ती, सलाइकोबट्टा, सिन्का, ढुंगा, फुल, चार्ट, पकेट चार्ट, फलाटिन बोर्ड) आफै निर्माण र संकलन गरी प्रयोग गर्ने गरेको कुरा जानकारी भयो। विद्यार्थीहरूले सामान्य चित्रहरू (फूल, घर, चरा, मान्छे नक्सा, माटोको चरा) बनाउने गरेको कुरा जानकारी दिए। विद्यालयले धेरै जसो स्थानीय तहमा निर्मित सामग्रीहरू नै प्रयोग गर्ने र प्रयोग पछि दराजमा राख्ने गरेको पाइयो।

**शिक्षणमा श्रव्य दृश्य सामग्रीको उपयोग र ब्यवस्थापन**

विद्यालयमा श्रब्य दृश्य सामग्रीको उपयोग गर्नु भएको छ भनी जिज्ञासा राख्दा पाँच वटा विद्यालयमा

नभएको तर क आधारभूत विद्यालयमा कम्प्युटर र ल्यापटप भएको कुरा प्रधानाध्यापकहरूबाट जानकारी प्राप्त भयो। विद्यालयमा श्रव्य दृश्य सामग्री नभएकोले गर्दा प्रयोग नगरेको पाँचवटा विद्यालयका शिक्षकहरूले जानकारी दिनु भयो। क आधारभूत विद्यालयका शिक्षक शिक्षिकाले आवश्यकता अनुसार कक्षामा प्रयोग गरिने कुरा जानकारी दिनु भयो। सामग्रीको व्यवस्थापन गर्नका लागि छुट्टै कोठाको व्यवस्था गरेको जानकारी प्राप्त भयो।

**अपाङ्गमैत्री सामग्रीको उपयोग र व्यवस्थापन**

विद्यालयमा के कस्ता अपाङ्गमैत्री सामग्रीहरूको उपयोग र व्यवस्थापन गर्नु भएको छ भनी जिज्ञासा राख्दा अपाङ्ग बालबालिकालाई पठनपाठन गराउने छुट्टै विद्यालय भएकोले सामान्य अपाङ्ग विद्यार्थीहरू १,२ जना मात्र आउने र अरू विद्यार्थी सँगै राखेर पठनपाठन गराउने गरेको कुरा शिक्षकहरूबाट जानकारी प्राप्त भयो।

**आकर्षक सामग्रीको उपयोग र व्यवस्थापन**

विद्यालयमा आकर्षक सामग्रीको उपयोग र व्यवस्थापन कसरी गर्नु भएको छ भनी जिज्ञासा राख्दा नक्सा, ग्लोब, बल, ब्लक सेट, मादल, गितार, स्पीकिङ, ब्याडमिन्टन, चेकर, लुडो, कम्प्युटर, ल्यापटप, शब्दपत्ती, वाक्यपत्ती, विभिन्न चार्टहरू उपयोग गर्ने गरेको कुरा प्रधानाध्यापकबाट प्राप्त भयो। आकर्षक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरू सक्रिय हुने, छिटो सिक्ने, ध्यान आकर्षण गर्न सहज हुने, सिकाई दिगो हुने कुरा शिक्षकहरूबाट प्राप्त भयो। सामग्रीलाई छुट्टै दराजमा व्यवस्थापन गर्ने गरेको कुरा शिक्षकहरूबाट प्राप्त भयो।

**शिक्षणमा श्रव्य सामग्रीको उपयोग र व्यवस्थापन**

विद्यालयमा श्रव्य सामग्रीको उपयोग र व्यवस्थापन कसरी गर्नु भएको छ भनी जिज्ञासा राख्दा श्रव्य सामग्रीको रूपमा टेप मात्र भएको प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो। शिक्षकहरूले बालगीत, कविता, राष्ट्रियगानको लागि टेप रेर्कडको प्रयोग गरी विद्यार्थीहरूलाई सिकाउने गरेको जानकारी दिनु भयो। सामग्रीको उपयोग पछि यसलाई छुट्टै दराजमा व्यवस्थापन गरेको कुरा शिक्षकहरूबाट प्राप्त भयो।

**अतिरिक्त क्रियाकलाप सम्बन्धि सामग्रीको उपलव्धता र व्यवस्थापन**

विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धि सामग्रीहरू उपयोग गराउनु भएको छ भनी जिज्ञासा राख्दा –मादल, गितार, बल, रिङ, स्पीकिङ, चेकर, चेस,लुडो) सामग्रीहरू उपयोग गराएको प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो। प्रधानाध्यापक र शिक्षकका अनुसार शैक्षिक सामग्री एउटा छुट्टै कोठामा राख्ने गरेको जानकारी प्राप्त भयो।

कक्षा कोठा साँगुरो, पर्याप्त मात्रामा भौतिक सुविधाको अभाव, अनुगमन तथा निरीक्षणको अभाव जस्ता कुराहरू सामग्री प्रयोग र व्यवस्थापनमा समस्याका रूपमा देखा परेको पाइयो।

**निष्कर्ष**

बालबालिकाहरूलाई सरल, सहज तरीकाले शिक्षण गर्नका लागि शैक्षिक सामग्रीको आवश्यकता भएको पाइयो। सामग्री खरिद गर्नका लागि जिल्ला शिक्षा कार्यालय, नगरपालिका र बाह्यि देशबाट सहयोग गरेको पाइयो। यसको प्रयोगले सिकाई सरल, सहज दिगो, दिर्घकालिन, मनोरञ्जनात्मक र अर्थपूर्ण भएको, शिक्षकलाई शिक्षण गर्न सहज भएको पाइयो। प्रधानाध्यापक, शिक्षक र विद्यार्थीले शैक्षिक सामग्रीको उपलब्धता उपयोग र व्यवस्थापनलाई सकारात्मक रूपमा लिइएको पाइयो। यसको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीले चांडो सिक्ने, ध्यान आकर्षित हुने, मनोरञ्जनात्मक तरीकाले सिकिने, सिकाई अर्थपूर्ण र दिगो हुने, विद्यार्थीहरू सिकाइप्रति सक्रिय भएको पाइयो। पाँच वटा विद्यालयमा श्रव्य र दृश्य सामग्री मात्र

रहेको तर क आधारभूत विद्यालयमा श्रव्य दृश्य सामग्री रहेको, विद्यालयमा सामग्री व्यवस्थापन गर्न छुट्टै कोठामा दराजमा राखेको पाइयो। सामग्रीको प्रयोगले शिक्षकहरूलाई नवीनतम ज्ञानको विकास भएको, शिक्षण कार्य गर्न उर्जा थपेको, शिक्षकलाई नयाँ प्रविधिसँग परिचित भई कार्य गर्न सहज भएको पाइयो। यसरी शैक्षिक सामग्रीको प्रयोगले सिकाइ सरल, सहज, उपलब्धिमुलक, मनोरञ्जनात्मक र दिगो भएको पाइयो।

**सन्दर्भसामग्री**

अधिकारी, विष्णुप्रसाद (२०७२), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौः आशिष बुक्स हाउस प्रा. लि.।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७२), *शैक्षणिक विधि,* काठमाडौः एम के पब्लिशर्स एण्ड डिस्टीव्युटर्स।

हाडा, भूपेन्द्र (२०५९), *विकासका निम्ति शिक्षा,* काठमाडौः त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र।

क्षेत्रगत भ्रमण, २०७६।

श्री कुरुले तेनुपा उ. मा. वि.,बाजथला आधारभूत विद्यालय, बरगाछी, आधारभूत विद्यालय सोगुम, आधारभूत विद्यालय बासपानी र उ. मा. वि., टेक्रोम्बाको २०७५ र २०७६ को भर्ना सम्बन्धि विवरण ।

Patton, M. (1990). Qualitative evaluation and research methods, Beverly Hills, CA: Sage.

शेरचन, लोकेन्द्र (२०७४), *शारीरिक शिक्षा शिक्षण* काठमाडौंः क्वेस्ट पब्लिकेसन प्रा.लि. कीर्तिपुर।